आज मिति २०७६।११।१० गते शनिवारका दिन यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण वहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपशिलका प्रस्ताव माथि छलफल गरी देहाय वमोजिमको निर्णय गरियो ।

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री कर्ण वहादुर मगर | |
| २ | उपाध्यक्ष | श्री पदममाया तामाङ | |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | श्री विष्णु प्रसाद सुवेदी | |
| ४ | कार्यपालिका सदस्य | श्री गोबिन्द बहादुर राउत | |
| ५ | कार्यपालिका सदस्य | श्री हेम बहादुर श्रेष्ठ | |
| ६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर स्याङ्तान | — |
| ७ | कार्यपालिका सदस्य | श्री खड्ग बहादुर भुजेल | |
| ८ | कार्यपालिका सदस्य | श्री दिनेश कुमार रमौली | |
| ९ | कार्यपालिका सदस्य | श्री बिर वहादुर पुलामी | — |
| १० | कार्यपालिका सदस्य | श्री कोमल बहादुर खपाङ्गी | |
| ११ | कार्यपालिका सदस्य | श्री रेखराज अधिकारी | — |
| १२ | कार्यपालिका सदस्य | श्री शेर बहादुर मगर | |
| १३ | कार्यपालिका सदस्य | श्री पुण्यहरी भुजेल | |
| १४ | कार्यपालिका सदस्य | श्री हितलाल श्रेष्ठ | |
| १५ | कार्यपालिका सदस्य | श्री जगदिश्वर तोलाङ्गी | |
| १६ | कार्यपालिका सदस्य | श्री दुध कुमारी ठकुरी | |
| १७ | कार्यपालिका सदस्य | श्री देवमाया श्रेष्ठ | |
| १८ | कार्यपालिका सदस्य | श्री टेक बहादुर परियार | — |
| १९ | कार्यपालिका सदस्य | श्री भगवति श्रेष्ठ | |
| २० | कार्यपालिका सदस्य | श्री गीतामाया थापा | |

सहायक कर्मचारी :- सुरेश कुमार कराल

सहयोगी कर्मचारी :- पदम बहादुर तामाङ

प्रस्तावहरु :-

१.आभारभुत तह (कक्षा -८) को वार्षिक परीक्षा संचालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड/ निर्देशिका, २०७६ पारित गर्ने सम्वन्धमा ।

२. तीनपाटन गाउँपालिकाको लैंगिक हिंसा कोष स्थापना गर्ने सम्वन्धमा ।

३. साविक गा.वि.स. को बिद्युत तार तथा ट्रासमिटर प्रयोग गर्ने सम्वन्धमा ।

४. विद्युतिय तारको ढुवानि सम्वन्धमा ।

५. विपदको क्षतिपुर्ति सम्वन्धमा ।

६. वेलघारी १ नं. वडा कार्यालयको निर्माण व्यवसायी ढकाल कन्स्ट्रक्सन क.न.पा. ६ सिन्धुलीको म्याद थप सम्वन्धमा ।

७. कृषि समुहको विधान सम्वन्धमा ।

८. पारिश्रमिक स्वीकृत गर्ने सम्वन्धमा ।

९. सडक वत्ति सम्वन्धमा ।

निर्णयहरु :-

१. आभारभुत तह (कक्षा -८) को वार्षिक परीक्षा संचालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड/ निर्देशिका, २०७६ पारित गर्ने निर्णय गरियो ।

२. तीनपाटन गाउँपालिकाको मातहतमा एक लैंगिक हिंसा कोष स्थापना गरी कन्टीजेन्सी तथा अन्य कुनै स्रोत वाट सो कोषमा पाँच लाख जम्मा गर्ने निर्णय गरियो ।

३. साविक लाम्पन्टार गा.वि.स. हाल वडा नं. ११ मा रहेको ७००० मिटर मेन लाइन बिद्युतीय तार मध्ये वडा नं. १ को हात्तिसार तथा वडा नं. ३ को बोक्से लागि एकमुष्ठ २५०० मिटर तथा वडा नं. ७ को मेन लाइनको लागि ४५०० मिटर प्रयोग गर्ने तथा ३००० मिटर शाखा लाइन विद्युतीय तार मध्ये वडा नं. ४ लाई १००० मिटर,वडा नं. ९ लाई १००० मिटर, वडा नं. ५ लाई १००० मिटर वितरण गर्ने र खरिद भई प्राप्त भएको तार आवाश्यक पर्ने अन्य वडामा प्रयोग गर्ने र वडा नं. ११ मा रहेको ५० किलोवाटको ट्रान्समिटर गाउँपालिकाको कार्यालयमा जगेडाको रुपमा राख्ने र वडा नं. ११ स्याङ्ती मा.वि. मा रहेको १०० किलोवाटको ट्रान्समिटर वडा नं. ७ मा प्रयोग गर्ने निर्णय गरियो ।

४. विद्युतीय तारको ढुवानीका लागि लाग्ने खर्च कन्टिजेन्सि रकम वाट व्यहोंने निर्णय गरियो ।

५. निर्णय नं. २ माथि छलफल गर्दा विपद व्यवस्थापनका लागि वडा सचिव लाइ केहि रकम पेश्कि स्वरुप उपलब्ध गराउने साथै पशुचौपायको थप एक भन्दा वढि संख्यामा क्षति भएमा ५००।- का दरले राहत उपलब्ध गराउने निर्णय गरियो ।

६. वेलघारी १ नं. वडा कार्यालयको निर्माण व्यवसायी ढकाल कन्स्ट्रक्सन क.न.पा. ६, सिन्धुलीको २०७७ आषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

७. कृषि समुहको विधानको नमुना कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७६ बमोजिम तयार गरी कृषक समूहलाई उपलब्ध गराउने निर्णय गरियो ।

८. वडा न ७, तोश्रामखोला, स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. श्री चेतवहादुर श्रेष्ठको २०७६ अषाढ देखि कार्यरत रहेको अवधि सम्मको पारिश्रमिक वापतको डोर हाजिर स्वीकृत गर्ने निर्णय गरियो ।

९. चकमके, माथिल्लो वजार, आम्वोटे, तिल्पुङ, बेलघारी, मझुवा, जरायोटार, लुभु, भिमस्थान र साखामाडिमा सडक वत्ति राख्ने र गाउँपालिकामा सि.सि.टि.भि. जडान गर्ने निर्णय गरियो ।